# जैविक विविधता सूचना केन्द्र तथा भ्यू टावर

सुन्दरी डाँडा, लेखनाथ-११, कास्की




Swiss Re Foundation

Bioversity International

LI-BIRD

# परिचय

जैविक विविधता सूचना केन्द्र पोखरादेखि १९ कि.मि. तथा पृथ्वी राजमार्गको तालचोकदेखि पूर्वतर्फ ८ कि.मि. को दूरीमा लेखनाथ नगरपालिका वडा नं-११ को सुन्दरी डाँडामा रहेको छ । यो केन्द्र लेखनाथ नगरपालिकाका दुईवटा मुख्य तालहरू रूपा र बेगनासका बीच भागमा पर्दछ ।

बेगनास-रूपा जलाधार क्षेत्र पारिस्थितिकीय प्रणाली एवं जैविक विविधताका दृष्टिले महत्त्वपूर्ण क्षेत्र हो । ताल, सिमसार, वनजङ्गल, खोला, खोल्सी र तरेली परेका फाँटहरू यहाँका प्राकृतिक सौन्दर्य हुन् ।

प्रचुर मात्रामा जैविक विविधता भएको यस क्षेत्रमा भ्रमण गर्न आउनेहरूलाई यहाँबाट देखिने मनोरम दृश्यको अवलोकन गराउनाका साथै जैविक विविधतासम्बन्धी विषयमा अध्ययन-अनुसन्धान गर्न चाहनेहरूका लागि सहज गराउन भ्यू टावरको निर्माण तथा सूचना केन्द्रको स्थापना गरिएको हो । बेगनास तथा रूपा क्षेत्रमा पर्यटकहरूलाई आकर्षण गराई यहाँका बासिन्दाको जीविकोपार्जनमा टेवा पुऱ्याउनु यसको लक्ष्य रहेको छ ।

## भ्यू टावरबाट अवलोकन गर्न सकिने महत्त्वपूर्ण स्थलहरू

यहाँबाट दक्षिणतर्फ लेखनाथ नगरपालिका वडा नम्बर १४ मा पर्ने मालमूल फाँट र रूपाकोट गा.वि.स.का केही भागहरू देखिन्छन् भने पश्चिमतर्फ पचभैया देख्न सकिन्छ । उत्तरतिर कालिका गा.वि.स. र बेगनास गाउँ देखिन्छन् । यहाँबाट माछापुच्छ्रे, अन्नपूर्ण र लमजुङ हिमालको मनमोहक दृश्यसमेत देख्न सकिन्छ । साथै लेखनाथ नगरपालिकामा पर्ने दुई ठूला ताल रूपा र बेगनास एकै स्थानमा देख्न पाईनु नै यस भ्यू टावरको आकर्षण हो ।

## बेगनास तथा रूपातालको नामकरण र क्षेत्रफल

बेगनास र रूपातालको नामकरणका बारेमा बिभिन्न किंवदन्तीहरू पाइन्छन् । जसअनुसार दक्षिण-पश्चिमबाट बहेर आउने वायुको वेग नाश गर्ने वा रोक्ने डाँडाका नामका आधारमा त्यहाँ रहेको तालको नाम बेगनास रहन गएको भन्ने लोककथन पाइन्छ । यसै गरी दोहोरो डाँडाका बीचमा पर्ने तालको रूप विभिन्न समयमा बदलिरहने हुनाले रूपाताल भनिएको हो भन्ने त्यहाँका स्थानीय तथा ज्येष्ठ नागरिकहरूको भनाई रहेको छ । बेगनासताल जलाधार क्षेत्रको कुल क्षेत्रफल १८.७ वर्ग कि.मि. रहेको भए तापनि हाल पानीले ओगटेको भूभाग ३.२७ वर्ग कि.मि. मात्रै रहेको पाइन्छ । यसै गरी रूपाताल जालाधार क्षेत्रको कुल क्षेत्रफल २७.६ कि.मि. रहेको भए तापनी हाल पानीले ढाकेको क्षेत्रफल भने १.०७ वर्ग कि.मि. मात्रै रहेको देखिन्छ ।





## सूचना केन्द्रबाट प्राप्त गर्न सकिने सूचनाहरू

यस सूचना केन्द्रमा यस क्षेत्रमा पाइने स्थानीय धान, माछा र चराहरूका विषयमा सूचना सङ्कलन गरिएको छ । यस क्षेत्रमा उल्लेखनीय काम गरेका संरक्षक कृषकहरूको जानकारी, परम्परागत तरिकाले माछा मार्ने जलारी समुदायले प्रयोग गरेका सामग्रीहरूको सङ्कलन गरी प्रदर्शन गरिएको छ । लेखनाथ नगरपालिकामा रहेका सात तालका फोटाहरूसहितका सूचना र माथि उल्लेख गरिएका समग्र विषयहरूमा जानकारी देख्न, सिक्न र बुझ्न पाइनाका साथै थप अध्ययनका लागि सम्बन्धित ठाउँको सूचना उपलब्ध गराइन्छ । यहाँ यस क्षेत्रको दैनिक तापक्रम तथा वर्षाको जानकारी पाउनाका साथै संस्था र कृषक समुदायहरूको पहलमा भएका संरक्षणका क्रियाकलाप, वातावरणीय सेवा वापतको भुक्तानीप्रक्रिया, जलवायुमैत्री कृषि विषयमा जानकारी पाउन सकिन्छ । यहाँबाट आधुनिक कृषि औजारहरू, स्थानीय कृषि उत्पादनहरू जस्तै : कागुनो, अनदीको चामल, पिंडालुका विभिन्न परिकारहरू आदि, आवश्यकता अनुसार खरिद गर्न पनि सकिन्छ ।



## सूचना केन्द्र तथा भ्यू टावर निर्माणमा सहयोगी हातहरू

लेखनाथ नगरपालिका वडा नं.-११, सुन्दरी डाँडा, पौरखे र कालिमाटीका स्थानीय समुदायको सक्रिय सहमागितामा भ्यू टावर तथा सामुदायिक भवन निर्माणको सुरूवात भएको हो । जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड) र जैविक स्रोत संरक्षण अभियान, संस्थाको संयुक्त पहलमा यस भवनलाई जैविक विविधता सूचना केन्द्रमा विकास गरियो । यो सूचना केन्द्र तथा भ्यू टावर निर्माण सम्पन्न गर्नका लागि ली-बर्ड, पोखरा, लेखनाथ नगरपालिका, शहरी विकास आयोजना, जैविक स्रोत संरक्षण अभियान, भ्यू टावर समिति, अरूणज्योति प्रा.वि., सामुदायिक वन उपभोक्ता समूह, सुन्दरी डाँडा, पौरखे र कालिमाटी समूहको उल्लेखनीय योगदान रहेको छ ।




सूचना केन्द्र तथा भ्यू टावर निर्माणका सहयोगीहरू

## सूचना केन्द्र तथा भ्यू टावरको व्यवस्थापन

सूचना केन्द्र तथा भ्यू टावरको दिगो व्यवस्थापनको काम स्थानीय स्तरमा गठित जैविक स्रोत संरक्षण अभियान र भ्यू टावर समितिले गर्छ । भ्यू टावर तथा जैविक विविधता सूचना केन्द्रबाट हुने आम्दानीको बाँडफाँड प्रक्रियासहित दृश्यावलोकन गर्न आउने पर्यटकहरूबाट शुल्क लिनका लागि लेखनाथ नगरपालिकाले अनुमति दिएको छ । हालको व्यवस्थापन अनुसार आन्तरिक पर्यटकलाई रु २०/-, बाह्य पर्यटकका लागि रु ३०/- र विद्यार्थीहरूका लागि रु १०/- प्रवेशशुल्क तोकिएको छ भने यसरी प्राप्तहुने आम्दानीलाई जम्मा आम्दानीको ४० प्रतिशत जलाधार संरक्षण कोषमा, २० प्रतिशत यस सूचना केन्द्रको नजिकमा रहेको अरूणज्योति प्रा.वि. का विद्यार्थीहरूलाई सहयोग गर्ने र बाँकी ४० प्रतिशतलाई भ्यू टावर र सूचना केन्द्रको व्यवस्थापन गर्ने गरी विनियोजन गरिएको छ । सूचना केन्द्रको व्यवस्थापनका लागि आवश्यक पर्ने प्राविधिक र आर्थिक सहयोग हालसम्म ली-बर्ड पोखराले सहयोग गर्दै आएको छ ।




तालचोकबाट सूचना केन्द्र तथा भ्यू टावर पुग्ने नक्सा


फोटोहरू: ली-बर्ड फोटो बैंक । डिजाइन: हेम जि.सी., ली-बर्ड


## थप जानकारीका लागि


**जैविक स्रोत संरक्षण अभियान**
लेखनाथ-११, सुन्दरी डाँडा

**भ्यू टावर निर्माण समिति**
लेखनाथ-११, सुन्दरी डाँडा

**जैविक विविधता, अनुसन्धान तथा विकासका लागि स्थानीय पहल (ली-बर्ड)**
पो.ब.नं. ३२४, पोखरा, कास्की, नेपाल
फोन ०६१-५२६८३४, ५३५३५७
इमेल : info@libird.org
वेब : www.libird.org